बूढानीलकण्ठ नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
हात्तिगौडा, काठमाडौं

## नगरपालिकाको उद्यमशिलता विकास अन्तरगत कार्यक्रम प्रस्ताब पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/१०/३०)

यस बूढानीलकण्ठ नगरपालिकाले बूढानीलकण्ठ नगरपालिकाको उद्यमशिलता विकास कार्यक्रम अन्तरगत तपशिल बमोजिमको कार्यक्रम संचालन गर्न लागेको हुँदा उक्त कार्यक्रममा सहभागी हुन इच्छुक उद्यमी/व्यवसायीले तोकिएको ढाँचामा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (सो दिनमा सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खोलेको दिन) यस नगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.सं. | कार्यक्रमको विधि | उद्यम/ व्यवसायको चरण | उद्यम/ व्यवसायको प्रकार | कार्यक्रमको क्षेत्र | छनौट गरिने प्रस्ताबको संख्या | बजेट (प्रति संस्था, फर्म, समुह) |
|---|---|---|---|---|---|---|
| १ | बित्तिय टेवा प्रदान गरेर गरिने कार्यक्रम | उद्यमको स्थापना | नयाँ/ सामुहिक उद्यम | उत्पादन मूलक | ४ | १०,००,०००।- |
| २ | गैर सरकारी संस्थासँग साझेदारी (लक्षित बर्गको लागि) | ,, | ,, | ,, | २ | ५,००,०००।- |
| ३ | बित्तिय टेवा प्रदान गरेर गरिने कार्यक्रम | ,, | नयाँ/ व्यक्तिगत | व्यवसाय मूलक | ५ | २,००,०००।- |

नोट :

१. माथि उल्लेखित प्रस्ताब पेश गर्दा आवश्यक पर्ने कागजात, स्वघोषणापत्र अनिबार्य रुपमा पेश गर्नु पर्नेछ । सो सम्बन्धी व्यवस्था बूढानीलकण्ठ नगरपालिकाको उद्यमशीलता विकास सम्बन्धी कार्यविधि तथा मापदण्ड-२०७७ मा उल्लेख गरिएको छ ।

२. पेश हुन आएका प्रस्ताबहरुको मूल्यांकन बूढानीलकण्ठ नगरपालिकाको उद्यमशीलता विकास सम्बन्धी कार्यविधि तथा मापदण्ड-२०७७ बमोजिम गरिने भएकोले प्रस्ताब पेश गर्नु पूर्व उक्त मापदण्ड अध्ययन गरी पेश गर्नु पर्नेछ ।

३. प्राप्त प्रस्ताबहरु मध्ये सबैभन्दा बढी अंक/भार प्राप्त गर्ने प्रस्ताबहरुबाट छनौट गरिनेछ ।

४. समान अंक/भार प्राप्त गर्ने प्रस्ताबहरु मध्ये निर्धारित प्राथमिकताको आधारमा छनौट गरिनेछ ।

५. सामुहिक भन्नाले ५ जना वा सो भन्दा बढी व्यक्तिहरुको समुह भएको हुनु पर्नेछ ।

६. उद्यमशीलता विकास सम्बन्धी कार्यविधि तथा मापदण्ड-२०७७ नगरपालिकाको वेवसाइट www. budhanilkanthamun.gov.np मा उपलब्ध छ ।

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत